

वागीश्वरी माविमा अध्ययनरत छात्र आफ्नो प्रतिभा प्रस्तुत गर्दै

# वागीश्वरी
# The Bagiswori


वागीश्वरी कलेजमा अध्ययनरत छात्र आफ्नो प्रतिभा प्रस्तुत गर्दै

वर्ष:१२ • अङ्क: १३ • बिहीवार, २२ चैत्र २०८० • Thursday, 4 Apr 2024 • मूल्य रु.५/-

पत्रकारिता र राजनीति
✍ विष्णुगोपाल कुसी
पृष्ठ २

फोहोर पानी व्यवस्थापन र नदीनाला संरक्षण
✍ आस्था गुमान्जु
पृष्ठ ३

शुभकामना छ विद्यार्थी भाइबहिनीहरूलाई
✍ भगवती आचार्य
पृष्ठ ४

## इच्छा शक्ति भएमा स्वदेशमै प्रशस्त अवसर




वागीश्वरी कलेज व्यवस्थापन सङ्कायका इन्चार्ज बब्लुकुमार राउत(बायाँ) ले उद्यमी राजु भडेललाई सम्मानपत्र हस्तान्तरण गर्दै ।

वागीश्वरी कलेज बीबीएस सङ्काय, स्नातक चौथो तहमा अध्ययनरत विद्यार्थीहरूको चाँगुनारायणस्थित हेल्पिंङ ह्यान्ड फेल्ट क्राफ्ट उद्योगमा शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरियो ।

घरकै सदस्यहरूबाटै रु. ५० हजार लगानी गरी १५ वर्ष अघि शुरूवाट गरेको फेल्ट व्यावसायले आज १०० भन्दा बढी महिलाहरूलाई रोजगारी प्रदान गर्न सफल भएको उद्यमी राजु भडेलले बताउनुभयो । साथै कुनै पनि काम सानो ठूलो नहुने बताउँदै इच्छा शक्ति भएमा स्वदेशमै प्रशस्त अवसर रहेको कुरामा जोड दिनुभयो ।

विद्यार्थीहरूको जिज्ञासाको उत्सुकता मेटाउँदै उहाँले निरन्तर एकचित्त भई लागेमा सफल हुने कुरामा निश्चिन्त रहन विद्यार्थीहरूलाई हौसला प्रदान गर्नुभयो ।

उद्योगका व्यवस्थापक एवं युवा महिला उद्यमी रोशनी भडेलले

*बाँकी पृष्ठ ४...*

## समुदाय सानो परियोजना विकास सम्बन्धी कार्यशाला सम्पन्न

- निरु तमखु

भक्तपुर । वागीश्वरी कलेजको आयोजनामा मानविकी सङ्कायमा अध्ययनरत विद्यार्थीहरूमाझ समुदायिक लघुरियोजना विकास सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा स्रोतव्यक्ति राजबहादुर गिरीले कुनै पनि परियोजनाको निम्ति पूर्वअध्ययन र अनुसन्धान आवश्यकतामा जोड दिँदै समुदायका निम्ति आवश्यक अनुसन्धान विधिबारे चर्चा गनुभयो ।

समाजमा महिला, बालबालिका र वृद्धवृद्धाहरू विभिन्न दृष्टिले पिछडिने हुनाले समुदायिक लघु परियोजनाले तिनीहरूलाई समेत समेटी अगाडि बढाउन भूमिका खेल्नुपर्छ । उहाँले संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्य २०३० को २३२ वटा सूचकहरूमध्ये धेरै सूचकहरू




समुदायको विकाससँग सम्बन्धित रहेको र समुदायमा आधारित परियोजनाहरूको सफल कार्यन्वयन बिना त्यस लक्ष्य प्राप्ती सम्भव नहुने जानकारी दिनुभयो ।

कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, मानविकी विभाग प्रमुख राजन फेलु, उपप्राध्यापक मोहनकृष्ण श्रेष्ठ, शिक्षक मङ्गलेश्वर ध्वजुले पनि बोल्नुभएको थियो ।

कार्यशालामा सहभागी विद्यार्थीहरूलाई वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले प्रमाणपत्र विरतण गर्नुका साथै स्रोतव्यक्ति प्रध्यापक राजबहादुर गिरीलाई सम्मान स्वरूप मायाको चिनो प्रदान गर्नुभयो ।

## वागीश्वरी कलेजमा समस्याको रचनात्मक समाधानसम्बन्धी कार्यशाला

भक्तपुर । वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको संयुक्त आयोजनामा बीए, बीबीएस र वागीश्वरी कलेज अफ म्यानेजमेन्टअन्तर्गतको बीबीए तहमा अध्ययनरत विद्यार्थीहरूका लागि शुक्रबार एक दिने रचनात्मक समस्या समाधानका दृष्टिकोण सम्बन्धि कार्यशाला सम्पन्न भयो । कार्यशालामा वागीश्वरी कलेजमै अध्ययनरत विद्यार्थी कृपा प्रजापति र पूर्वविद्यार्थी निष्ठा कायष्ठले विद्यार्थीहरूलाई प्रशिक्षण गरेका थिए ।

कार्यक्रममा वागीश्वरी माध्यमिक विद्यालयका प्रअ कृष्णप्रसाद धन्छाले समाधान विनाको समस्या नहुने र हामीमा हरेक समस्यालाई रचनात्मक दङ्गले समाधान गर्न सक्ने क्षमता हुनुपर्ने बताउनुभयो । त्यसै गरी वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले वागीश्वरी संस्था स्थापना गर्दा भोगेका समस्या र समस्यालाई कसरी रचनात्मक सरल तरीकाले समाधान गरियो, विगतका इतिहास सम्झनु भयो ।

कार्यशाला गोष्ठीका प्रशिक्षक निष्ठा कार्यष्ठ र कृपा प्रजापतिको योजना विश्वविद्यालय अनुदान आयोग अन्तर्गतको कार्यक्रम युवा उद्यामशीलता कार्यक्रममा छनोट भएको थियो र

*बाँकी पृष्ठ ४...*

## वागीश्वरी कलेजका विद्यार्थीहरूको सामुदायिक सर्वेक्षण सोलु सल्लेरीमा




- दिपेन मानन्धर


सल्लेरी । वागीश्वरी कलेजमा अध्ययनरत स्नातक तह तेस्रो वर्षमा अध्ययनरत मानविकी सङ्कायका विद्यार्थीहरूको चारदिने सामुदायिक सर्वेक्षण र जनचेतना कार्यक्रम चैत ९ देखि १२ गतेसम्म सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिकाको सल्लेरीमा सम्पन्न भयो ।

कार्यक्रमको तेस्रो दिन सोलुदुधकुण्ड नगरपालिकाका उपप्रमुख गान्धीमाया तामाङका प्रमुख आतिथ्यमा समापन समारोह भएको थियो । उपप्रमुख तामाङले विद्यार्थीहरूले प्रत्यक्ष भोगेर सिकेको कुरा नबिर्सने बताउनुभयो । यसप्रकारको अध्ययन भ्रमण, सर्वेक्षण र जनचेतना कार्यक्रमले आफू प्रभावित भएको पनि खुसी व्यक्त गर्दै सोलुदुधकुण्ड नगरपालिकाले समुदायकै सहयोगमा विकासका कार्यहरू गर्दै आएको चर्चा गर्नुभयो ।

खुम्बु पासाङ ल्हामु गाउँपालिकाका उपाध्यक्ष टासी ल्हमु शेर्पाले सोलुखुम्बु र भक्तपुरको सम्बन्धका प्रसङ्ग उठाउँदै सोलुखुम्बुको स्थानीय समुदायको अध्ययन गरेर वागीश्वरी कलेजका

*बाँकी पृष्ठ ४...*



मजबुत इच्छाशक्ति भएका मानिसका निम्ति असम्भव भन्ने कुरा केही छैन । सम्भाव्यता भन्ने कुरा भविष्यलाई माया गर्ने मानिसका लागि मात्र रहेको  हुन्छ । कोरियाली भाषामा असम्भव भन्ने शब्द नै छैन ।

❑ किम जोङ इल

# सम्पादकीय

## शुभकामना ! शुभकामना !!

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० चलिरहेको छ । यो वर्ष देशभर र जापानबाट समेत गर्दा ५ लाख ४ हजार ४१४ जना परीक्षार्थी परीक्षामा सम्मिलित रहेको जानकारी परीक्षा नियन्त्रण कार्यालय सानो ठिमीले दिएको छ । तीमध्ये जापानको एउटा परीक्षा केन्द्रमा २३ जना रहेका छन् भने वागीश्वरी मा.वि. च्याम्हासिह भक्तपुरबाट २७० जना सम्मिलित भइरहेका छन् । ती सम्पूर्ण परीक्षार्थीहरूलाई आफूले चिताएअनुसारको उच्च ग्रेड प्राप्त होस् भनी हामी वागीश्वरी प्रकाशन परिवार हार्दिक शुभेच्छा प्रकट गर्दछौँ ।

परिवर्तित समयअनुसार शिक्षामा पनि सुधार आवश्यक हुन्छ, सुधार गर्नुपर्छ; गरिन्छ; गरियो पनि । धेरै वर्षदेखि सञ्चालित एसएलसी परीक्षालाई सुधारेर एसईई गरियो । केही वर्षको एसईईको अभ्यासले शिक्षामा सुधारभन्दा बढी बिगार पो भयो कि भन्ने आभाष गर्न थालिएको छ । त्यसैले छोटो समयको अभ्यासपछि नै यसवर्षदेखि हरेक विषयमा ३५ प्रतिशत अङ्क हासिल नगरे अनुत्तीर्ण घोषणा गर्ने नीति अँगालेको छ; जबकि विगतका वर्षमा 'कोही पनि विद्यार्थी फेल नहुने' चर्चा चलाइएको थियो । जीपीए १.६ ल्याउने हरेक विद्यार्थीलाई एसईई पास भएको मानिएको थियो । परिणाम शिक्षाको स्तर दिनानुदिन खस्कँदै गएको अनुभव सर्वत्र गर्न थालिएको हो । शिक्षाको स्तर खस्कनुको कारण एसईई मात्र भने हुँदै होइन । यसका पछाडि अर्कै कारणहरू पनि छन् । मा.वि. तहमा विद्यालयलाई आवश्यक शिक्षक दरबन्दी नहुनु यसको एउटा महत्त्वपूर्ण कारण हो । शुन्य मावि शिक्षक दरवन्दीबाट कक्षा १० सञ्चालन भइरहेका स्कुलहरू देशभरमा धेरै छन् । दोस्रो महत्त्वपूर्ण कारण आधारभूत तह कक्षा ५ वा ८ वा अरू सबै कक्षाको परीक्षामा उदार कक्षान्नतिको नीति पनि हो । तल्लो कक्षामा विद्यार्थीलाई फेल गरेर हतोत्साहित गर्नु हुँदैन भनी सबका सबलाई पास गर्दा माथिल्लो कक्षा कमजोर भएको हो । तेस्रोकारण दण्ड र पुरस्कारको नीतिको अभाव पनि हो । एसईईमा जति सुकै नतिजा नराम्रो भए पनि न शिक्षक न विद्यालय दण्डित हुन्छ न जतिसुकै राम्रो नतिजा आए पनि न शिक्षक न विद्यालय पुरस्कृतै हुन्छ । नतिजाको उचित मूल्याङ्कन आवश्यक छ । त्यस्तै निरीक्षण अनुगमनको अभाव, भौतिक पूर्वाधार, पर्याप्त मसलन्द र विद्यालय कर्मचारी आदिको समस्याले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव परिरहेको हुनुपर्छ ।

आशा गरौँ आगामी दिन थप सुधार हुँदै जानेछ र देशको शैक्षिक गुणस्तर बढ्दै जाने छ ।

नयाँ वर्ष २०८१ सँगै विद्यालयमा नयाँ शैक्षिक सत्र पनि सुरु हुँदै छ । नयाँ वर्ष २०८१ को हार्दिक मङ्गलमय शुभकामना सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. पदाधिकारी लगायत शुभेच्छुकहरूमा ।

वागीश्वरी स्कुलले दशकौं पहिलेदेखि कार्यान्वयन गर्दै आएको नीतिले अब विस्तारै राष्ट्रिय  रूप लिन थालेको हो कि भन्ने लाग्न थालेको छ त्यो हो-सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूले आफ्नो सन्तान सामुदायिक स्कुलमै पढाउनु पर्ने ।

पत्रपत्रिकाहरूमा अहिले धेरै पालिकाहरूले शिक्षक कर्मचारी मात्र नभई जनप्रतिनिधिहरूले समेत आफ्ना सन्तान सामुदायिक स्कुलमा पढाउनुपर्ने नीति अवलम्वन गर्न थालेको सुसमाचारहरू प्रकाशित हुन थालेका छन् । यो नीतिले थप व्यापकता पाउँदै जाओस् र यसमा सबैलाई सफलता मिलोस् । नयाँ वर्षको यही शुभ कामना !

## सम्पादक मण्डल

संरक्षक
मोहनप्रसाद प्रजापति
कृष्णप्रसाद धन्छा
धन कुमार श्रेष्ठ

सल्लाहकार
ज्ञानसागर प्रजापति
पूर्णभक्त दुवाल

सम्पादकमण्डल
सलिना धुकुछु
एलिना न्हेमाफुकी
दिया खड्का
रेस्मा श्रेष्ठ
राज कोजु
पुजा लामा

# पत्रकारिता र राजनीति

✍ विष्णुगोपाल कुसी
(पूर्व शिक्षक वागीश्वरी मा.वि एवम् मजदुर दैनिकका सम्पादक)

शारीरिक वा बौद्धिक श्रम गरेर वा कुनै मजदुरीद्वारा जीवनयापन या जीवन निर्वाह गर्ने या श्रम गर्ने व्यक्ति श्रमजीवी हुन् । बौद्धिकरूपमा श्रम गरेर जीवन निर्वाह गर्ने पत्रकार श्रमजीवी पत्रकार हुन् । सार्वभौमसत्ता, अखण्डताको संवर्द्धन गर्दै देश र जनताको हित हुने समाचार लेख्ने, प्रसारण गर्ने, सूचना प्रवाह गर्ने, समाजको उत्थान गर्ने, नागरिकको नैतिक र चारित्रिक भावनालाई आघात नपार्ने खबर प्रसारण गर्नु पत्रकारिताको मूल लक्ष्य हो । समुदायको भावना, पीडा, विचार, व्यवहार र मुद्दाहरूको अग्रगामी चित्रण गर्ने काममा सञ्चार या पत्रकारिताको अहम् भूमिका हुन्छ ।

चिकित्सकले बिरामीको चिरफार गर्दा मिलेन भने बिरामीमा थप आघात पर्छ भनेझैं पत्रकारले गलत सूचना प्रवाह गरेमा त्यसले समुदायमा नकारात्मक असर पार्छ । पत्रकारले पेसागत कामलाई पद र शक्तिको दुरूपयोग गरी गलत समाचार सम्प्रेषण गर्नु पत्रकारिताको मर्मविपरीत हुन्छ । प्रेस स्वतन्त्रता अराजकता फैलाउने, साम्प्रदायिक भावना फैलाउने, जातीय द्वन्द्व निम्त्याउने, भ्रष्टाचारी, ठग, अपराधी, कालाबजारीहरूको पक्षपोषण गर्ने लाइसेन्स होइन । यसकारण, पत्रकारहरू इमानदार हुनुपर्छ, आफ्नो पदको ख्याल गर्नुपर्छ र पत्रकारिताले जनताको विश्वास जित्नुपर्छ । पत्रकारले आफ्नो प्राप्त पद, अधिकार र अवसरको दुरूपयोग गर्नु मनासिब होइन ।

कति सञ्चारकर्मीहरू पत्रकारको काम पत्रकारिता गर्नु हो, राजनीति गर्नु होइन भन्छन् । तर राजनीति गर्नुहुँदैन भन्ने कनिष्ठ र वरिष्ठ पत्रकारहरू नै प्रत्यक्ष या अप्रत्यक्ष, चाल पाइकन या नपाइकन आफ्नो हरेक बोली, लेखन र गतिविधिमा राजनीति भिजिरहेका हुन्छन् । एउटा साधारण खेताला, मजदुर, शिक्षक, लेखक, कवि, कलाकार, गायक, नायक-नायिका, उद्योगी, व्यापारी, कर्मचारी, सेना, प्रहरी या अन्य व्यक्ति राजनीतिबाट प्रभावित हुन्छन् या राजनीतिले छोएको हुन्छ भने हरेक दिन राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, खेलकुद, प्रशासनिक क्षेत्रमा भिजिरहने पत्रकार कसरी राजनीतिबाट अलग हुन्छन् ? तिनै परिवेशको समाचार, लेख छापिरहने पत्रिका, पत्रकार या पत्रकारिता कसरी राजनीतिबाट अलग्ग हुन्छ ? जसरी देशमा राजनीति वर्गमा विभाजित भएको पाइन्छ त्यसरी नै पत्रकारहरू पनि विभाजित छन् । वर्गीय समाजमा पत्रकार र पत्रकारिता पनि वर्गमा विभाजित हुन्छ ।

पञ्चायतकालमा पञ्च राजनीति हुन्थ्यो र पञ्चायत समर्थक पत्रकार र पत्रकारिता पञ्चायती व्यवस्थालाई उजिल्याउने काममा लाग्थे । पञ्चायतीविरोधी दल र पञ्चायतविरोधी पत्रकार र पत्रकारिताले पनि निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा या दलीय व्यवस्थाको पक्षमा कलम चलाउनु स्वाभाविक हो । बहुदलीय व्यवस्थाकालमा मात्र होइन यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि पत्रकार र पत्रकारिता विभाजित छ । एकथरीका पत्रकारहरू पुँजीवादी व्यवस्थाको वकालत गर्छन् भने अर्को थरीका पत्रकारहरू समाजवादी धारको पक्षमा कलम चलाउँछन् । यसकारण, पत्रकारहरू राजनीतिमा मुछ्नु हुँदैन, पत्रकारहरू राजनीतिमा लागेपछि पत्रकारिता व्यवसाय बदनाम हुन्छ, पत्रकारिता टिक्दैन भन्ने कुरा होइन । यस्तो पत्रकारिता देशलाई यथास्थितिमा राख्ने विचार हो । यो परिवर्तनशील होइन प्रतिगामी कदम हो ।

प्रेस स्वतन्त्रता व्यक्तिको सरोकारको विषयमात्र होइन, यो सार्वजनिक सरोकारको विषय पनि हो । पत्रकारिता देशको उज्यालोको लागि हो । पत्रकारिताको माध्यमबाट राज्यको कमी कमजोरी औंल्याएर सुधार्ने मौका पनि हो । पत्रकारिताले सरकारको खबरदारी गरेर अनियमितता रोक्ने, भ्रष्टाचार, ढिलासुस्ती, शोषण, दमन, अन्याय अत्याचार, कुशासनको विरोध गर्ने हुँदा पत्रकार या पत्रकारिताप्रति शासकहरूको बक्रदृष्टि पर्छ । यसकारण, शासकहरूले बेलाबखत नीति नियम बनाएर बाँध्ने, आफ्नो नियन्त्रण या उठबसमा राख्ने प्रयास गरिरहेका हुन्छन् । हो, पत्रकारिता क्षेत्रलाई स्वच्छ, मर्यादित बनाउनुपर्छ । यो पत्रकारिता क्षेत्रको मात्र होइन राज्यको दायित्व पनि हो । पत्रकारिताको नाउँमा समाचारको ठेक्का दिने, भ्रमको खेती गर्ने, षड्यन्त्र गर्ने, कुनै सङ्घ संस्था या संस्थाका गलत कार्य, अनियमितता, आपराधिक क्रियाकलाप छोपेर समाचार, लेख लेखी पैसा असुल्ने काम उचित होइन । कमिसनखोर, अपराधी, भ्रष्टाचारी, कालाबजारी, ठगहरूको प्रशंसा गरेर, सूचना प्रवाह गरेर पैसा असुल्ने काम गलत हो । बरु पत्रकारिताले गलत क्रियाकलापको निन्दा गर्दै शोषणरहित समाज स्थापना गर्ने खालका समाचार लेखेर छापेर सुसूचित पार्ने काम गर्नुपर्छ ।

पत्रकारिता नागरिक र समाजप्रति उत्तरदायी हुनुपर्छ । पत्रकारिताको प्रमुख आधार जनविश्वास हो । जनविश्वास पाउन सही विचार प्रवाह गर्नुपर्छ । सत्ता, शक्ति र पहुँचको आधारमा लुकाइएको सूचना सत्यतथ्यको रूपमा नागरिकसामु ल्याउने एक माध्यम पत्रकारिता हो । पत्रकारितामा राजनीतिक प्रभाव बढ्यो भन्ने गुनासो छ । नेपाली पत्रकारिताले विश्वास गुमाउनुको अर्थ राजनीतिक प्रभाव होइन । राजनीतिक दलप्रति आस्था राखेकै कारण पत्रकारले दलप्रति बफादार भएर समाचार सम्प्रेषण गर्दा विश्वास गुमेको तर्क राख्नु दृष्टिदोष हो । कुनै दलप्रति विश्वास राख्नु, विश्वास राखेर समाचार सम्प्रेषण गर्नु राजनीतिक हस्तक्षेप होइन । तर, सरकारको होस् या दलको अनैतिक काम, गलत विचारको ढाकछोप गर्ने या त्यसको प्रशंसा गर्नु हुँदैन । राज्य, दल या कुनै सङ्घ र व्यक्तिको आर्थिक लाभको आधारमा जस्तोसुकै अपराध, गलत कार्यको आँखा चिम्ली समर्थक गर्नु उपयुक्त होइन । यसकारण, सञ्चारकमीहरू राजनीतिमा लाग्नु हुन्न, दलको प्रचार गर्नु हुन्न भन्ने तर्कमा सच्चाइ छैन । के पत्रकारहरू निर्वाचनमा उम्मेदवार बन्न पाउँदैनन् ? आफूलाई मनपरेको दललाई मतदान गर्नुहुँदैन ? के त्यसले पत्रकार र पत्रकारिताको बदनाम हुन्छ ? सरकारलाई देश र जनताप्रति जिम्मेवार बनाउन, निर्वाचन आयोगलाई निर्वाचन, निष्पक्ष, शान्त र भयरहित बनाउन, राजनीतिक दललाई सिद्धान्त र विचारको आधारमा राजनीति गराउन, प्रशासनलाई निष्पक्ष, न्याय दिलाउन, काम छिटो छरितो र सुव्यवस्थित बनाउन के पत्रकारिताले ध्यानाकर्षण गर्नु हुँदैन ? जसरी एउटा राजनीतिक दलले अर्को राजनीतिक दलको सिद्धान्त, विचार, कार्यनीतिको टिप्पणी गर्छ त्यसरी नै एउटा पत्रिकाले अर्को पत्रिकाको टीकाटिप्पणी गर्नु या गलत कुराको खबरदारी गर्नु स्वाभाविक हो । वर्गीय समाजमा पत्रकार र पत्रकारिता पनि विभाजित हुनु के आश्चर्यको कुरा हो र ?

नागरिकमा राजनीतिक आस्था बढ्नु सकारात्मक पक्ष हो । पत्रकारितामा पनि राजनीतिक आस्था बढ्नु अन्यथा होइन । कुनै पत्रकारिताले कुनै वर्गको प्रतिनिधित्व गर्नसक्छ; त्यसअनुसार विचार प्रवाह गर्छ । सरकारले मात्र होइन सरकारी सञ्चार स्रोतले पनि सबै दल र सबै पत्रिकालाई समान दृष्टिले हेरेका छैनन् । सरकारमा आबद्ध नभएको दलको महाधिवेशन, सम्मेलन, देश र भूमि जोगाउने सन्दर्भमा ठूलठूला आन्दोलन र जुलुस गरे पनि सरकारी पत्रपत्रिकाले समाचार छाप्दैनन् । सरकारी सञ्चार र अन्य सञ्चारकर्मीले सत्तामा नरहेका दलका नेता र सांसदहरूसँगको अन्तर संवाद या बातचित कमै मात्र गर्छन् ।

पाठक आकर्षित गर्न, पत्रपत्रिका बढी बिकाउन कुनै एजेन्डालाई अतिरञ्जित गर्नु हुँदैन । अश्लील फोटो, अश्लील समाचार, लेख छापेर युवा युवतीको मन भाँड्ने काम पत्रिकाले गर्नु हुँदैन । यसले मानिसको चरित्र र मनस्थिति बिगार्छ । यो एक प्रकारको मन्दविष हो । यसतर्फ पत्रकार र पत्रकारिता सचेत हुनुपर्छ । जनतामा पत्रकारिताप्रति विश्वास बढाउन, विश्वास बढाउने ढङ्गले देश र जनताप्रति जिम्मेवार रहेर समाचार, लेख छाप्नुपर्छ । ग्रामीण समुदाय, अशिक्षित जनतामाझ सूचना प्रवाह गर्नुपर्छ । समाजमा हेपिएका, थिचिएका, पछि पारिएका विभिन्न वर्ग, समूह, समुदायको आम सञ्चारमा रुचि जगाउनुपर्छ । यसकारण, पत्रकारिता सेवामुखी र आस्थाको पत्रिका हुनुपर्छ भनिएको हो । व्यापार गर्ने प्रयोजनको निम्ति चलाइएको पत्रिकामा नाफा नोक्सानको ख्याल गरिएको हुन्छ । त्यस्तो पत्रकारले सही सिद्धान्त, सही विचारको ख्याल गर्दैन । उनीहरू आफ्नो लगानीको फल प्राप्त गर्न, अझ अकुत सम्पत्ति कमाउन विदेशीको गुणगान गर्छन्, देशका सामन्त, जमिनदार, जालीफटाहा, कालाबजारी, भ्रष्टाचारी, कमिसनखोरहरूको पक्ष लिन्छन् या यिनीहरूको कमीकमजोरी ढाकछोप गरेर प्रशंसा गर्छन् ।

राजनीति राजनीतिक नेता र कार्यकर्ताहरूमाझ मात्र सीमित राख्नु हुँदैन । राजनीति गाउँगाउँ, बस्तीबस्तीमा पुऱ्याएर देशलाई नै राजनीतिमय बनाइनुपर्छ । यस हिसाबले राजनीतिक दलका कार्यकर्ता, शुभचिन्तकहरू पत्रकारितामा संलग्न हुनु र पत्रकारहरू राजनीतिक दलप्रति प्रतिबद्ध हुनु नराम्रो कुरा होइन । कुनै पत्रिका या पत्रकार प्रत्यक्षरूपमा कुनै दल या दलको भ्रातृ सङ्गठनमा आबद्ध नहुँदैमा राजनीतिबाट अलग छ भन्न सकिने स्थिति छैन । पत्रकारहरूले आफूहरू जस्तोसुकै स्वतन्त्र भनेर फुके पनि, खुलमखुला कुनै दलको सिद्धान्त र विचार प्रचारप्रसार नगरे पनि घुमाइफिराइ कुनै दल या विचारको प्रतिनिधित्व गरिरहेकै हुन्छ । कति पत्रिकाका सम्पादक र सञ्चारकर्मीहरू नेमकिपाको समाचार छाप्दैनन्स छपाउन र छाप्न डराउँछन् कतै आफूलाई पनि कम्युनिस्ट भन्ने डर भएर होला । कसैले नेमकिपाको गतिविधिसम्बन्धी समाचार दिइहाले पनि छापिँदैन । अनि शुभचिन्तक पत्रकारहरू नेमकिपाको समाचार छापिँदैन भने किन दिने भनी जवाफ दिन्छन् । यसरी प्रेस जगतमा सङ्कीर्ण विचार या श्रमजीवी जनताप्रति हेयको दृष्टिले हेर्ने काम अझापि छ ।

नेपाली प्रेस जगतमा बढिरहेको व्यापारीकरण रोक्नुपर्छ । नेपाली प्रेसले जनताको जीवनपद्धतिसँग एकाकार गर्न सिक्नुपर्छ । नेपाली जनताको सांस्कृतिक स्तर उठाउन अन्धविश्वास, कुरीति, कुप्रथा हटाउने सामग्रीहरू पस्किनुपर्छ । राणाकाल र ३० वर्षीय पञ्चायतकालमा निरङ्कुशतावादी विचार लादिएको थियो । त्यसको पक्षधर पत्रिका पनि निरङ्कुश हुन्छ । निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा जसरी खुला या गुप्तरूपले अन्य वामपन्थी, प्रजातन्त्रवादी दलहरूले विरोध गरे त्यसरी नै प्रगतिशील पत्रिका र सञ्चारकर्मीहरूले निरङकुशतन्त्रको विरोध गरेका थिए । त्यस्तै खालको पर्चा र पुस्तकहरू छापिएका थिए । समाजवादी विचार बोकेका या त्यसको पक्षमा लेख्ने पत्रिका देखापरेस पुस्तकहरू छापिन थाले । निरङ्कुश पञ्चायती व्यवस्था र सामन्तको गुणगान गर्न पाउने अनि समाजवादको या समाजवादी पक्षधर कम्युनिस्ट पार्टीको गुणगान गर्न नहुने भन्ने हुन्छ ?

राजनीतिक नेता र साहित्यकारहरूको काम देश विदेशको गहिरो अध्ययन गरी ठीक ठीक ढङ्गले हेर्नु र बुझ्नु हो भने पत्रकारिताको काम पनि त्यस्तै हो । बन्दुकभन्दा शक्तिशाली अखबाररूपी हतियार लिएर अघि बढ्ने पत्रकार र पत्रिकाको महत्व छैन कसरी भन्ने ? स्वस्थ जनमत तयार गर्ने, आदर्शोमुख समाज बनाउने, समाजका कुतत्वलाई उदाङ्गयाएर सत्मार्ग कोर्ने काममा पत्रकार र पत्रकारिताको महत्वपूर्ण हात हुन्छ । धैर्यपूर्वक सजाउने, विचार र भावमा घात्लिनुपर्ने र फुर्सद नहुने

*बाँकी पृष्ठ ३...*

# फोहोर पानी व्यवस्थापन र नदीनाला संरक्षण




✍ आस्था गुमान्जु
कक्षा १०

(काठमाडौँ उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयको आयोजनामा मिति २०८०, फागुन १८ गते श्री भानु माध्यमिक विद्यालय (दरवार हाइस्कूल) मा भएको उपत्यकाव्यापी वक्तृत्वकलामा प्रथम हुन सफल आस्था गुमान्जु (कक्षा १०)को वक्तृत्वको सार)

के माफ गरिदेलान् त ? रचयिताले जन्माए हामीलाई पर्यावरण बचाउन तर हामी लाग्यौं उनैलाई काटी लुछी खान । भनिन्छ स्वर्ग र नर्क देख्न हरियो बाँसमा चढ्नुपर्छ रे । अब त पर्दैन होला स्वर्ग त थाहा भएन, तर नर्क हेर्ने हो भने, २५/३० रूपैँया तिरेर सरर काठमाडौँ उपत्यका मात्र डुलेपछि नर्क यस्तै होला कि भन्ने हेक्का हुन्छ । त्यही भएर यी ठूला सहरहरूलाई नर्कपालिका भन्न लाज भएर नगरपालिका भनिएको होला है ।

भेडा जस्ता मानिसको हुल, होहल्ला, फोहर, दुर्गन्ध प्रदूषण, अभाव यी सबै हाम्रो जीवनचर्या भैसक्यो । कुनै ठाउँमा बसोबास गरिसकेपछि त्यहाँका स्रोतसाधन स्वतः रूपमा प्रयोग हुन्छन् । तर विडम्बनाको कुरा, २१ औं शताब्दीका बुद्धिजीवी मानिसहरूले सबै नदीनाला, इनार, कुवाबाट बोरिङ गरेर पानी सोस् नदीनालामा भने ढल मिसाए । यसको प्रत्यक्ष उदाहरण हनुमन्ते खोला, बागमती नदी अनि चोकचोकमा मसान जस्तै खण्डहरू बनेको इनारहरू हुन् ।

उपत्यकामा मात्र हरेक दिन १२०० ठोस फोहोर उत्पादित हुन्छन् । यही फोहोर व्यवस्थापन गर्न उपत्यकालाई फलामको चिउरा चपाए सरी भएको छ । फोहोरमैला व्यवस्थापन ऐन २०६८को दफा ३ मा फोहोर मैला सङ्कलन र अन्तिम विसर्जन स्थानीय तहको हुने उल्लेख गरिएको छ । साथै दफा ५ मा आफ्नो घरबाट निस्केको विर्सजन हुन सक्ने वा पुन: प्रयोग हुन सक्ने फोहोराको व्यवस्थापन गर्ने दायित्व जनता आफैको हो भनी उल्लेख गरिएको छ । यसरी स्थानीय तह र जनता मिलेर अघि बढ्ने हो भने फोहोरपानी व्यवस्थापन कुनै टाउको दुखाइका विषय हुने छैन ।

सरकार नदीनाला बेच्न ठिकक अनि जनता नदीनाला फोहोर बनाउन ठिक्क । यो त आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु जस्तो भएन र ! नेपालमा २.७ प्रतिशत मात्र स्वच्छ पानी छ । त्यसमध्ये उपत्यकामा मात्र ७० प्रतिशत पानी प्रदूषित छन् । जसले गर्दा हैजा, झाडापखाला जस्ता महामारी निम्तिन सक्छन् । कुहिने र नकुहिने फोहोर समेत छुट्याउने समय नभएको उपत्यकामा अहिले भने एक जार स्वच्छ पिउने पानीको लागि घण्टौं लाइनमा बस्नुपरेको छ । एकातिर तितो यथार्थ अनि अर्कोतिर जलसम्पदामा धनी भएको चर्चा, व्यङ्गचित्र जस्तो लाग्छ । त्यसैले अब नदीनाला र पानीका मुहान संरक्षणको लागि फोहोर पानी व्यवस्थापन पहिलो कदम हुनुपर्छ । सर्वप्रथम त ढल र उद्योगबाट निस्किएका फोहोर पानीलाई उचित व्यवस्थापन र प्रशोधन गर्नुपर्छ । अहिले त प्रदूषित पानीलाई पनि प्रयोगमा ल्याउने धेरै उपायहरूको खोज भइसक्यो । Chlorination, Reverse Osmosis, UV disinfection जस्ता तरिका अपनाइ फोहोर पानीलाई पुन प्रयोगमा ल्याउन सकिन्छ । UV disinfection जस्ता प्रक्रियाले पानीमा कुनै रसायनको प्रयोगबिना UVC light का प्रयोगले पानीमा रहेका हानिकारक वस्तुको नाश गर्छ र वानीको P.H Value मा वपन कुनै फरक पार्दैन । यसको साथसाथै बुझेर बुझ पचाउनेको लाथि कडा कानुन र अबुझको लागि जनचेतना पनि जरुरी छ । अब व्यवस्थापनबाट संरक्षणको खुड्किो टेक्दा टेक्दै धेरै प्रयासहरू नभएका होइनन् । तर बालेन शाहको नेतृत्वमा रहेर वाग्मतीमा र्याफटिङ गर्न सम्मको अवस्थामा आउनु भनेको कुनै चानचुने विषय होइन ।


वृक्षारोपन, आकाशे पानी सङ्कलन र त्यसको प्रयोजन अनि नदीनाला अतिक्रमणमा रोक लगाउने जस्ता कार्यमा जोड दिएमा संरक्षणको कार्यमा दिलासुस्ती हुने छैन ।

हामी नेवाहरूको चाड सिठी नख: जसले हामीलाई बारा खान मात्र होइन हाम्रो घर वरपर भएका पानीका मुहान, इनार, पधँरा, ढुङ्गेधारा सफा राख्न पनि सिकाउँछ यस्ता संस्कृतिलाई बढावा दिनुपर्छ ।

तसर्थ आँखा खोलेर सुन्ने यी नेताहरू मात्र होइन दिमाग भएर बोलाएका यी जनतामात्र होइन म जस्तै यहाँ पाँच मिनेट समारात्मक कुरा गर्ने विद्यार्थी मात्र होइन, सबै जनाको ढिगो प्रयास चाहिन्छ ।नत्र काग कराउँदै गर्छ पीना सुक्दै गर्छ भन्ने हविगत हुन्छ हाम्रो पनि, भन्दै मेरो वक्तव्य यही टुङ्ग्याउँछु । धन्यवाद !

# फोटो फिचर

वागीश्वरी माध्यमिक विद्यालयमा प्रि- प्राइमरी तहमा अध्ययनरत विद्यार्थीहरूले विद्यालयबाट प्रदान गरिएको खाजा खाँदै ।



# विश्व शान्ति



✍ विनिता तामाङ
कक्षा १२

(ख्वप कलेजको आयोजनामा मिति २०८० फागुन ४ गते सम्पन्न वक्तत्व कला प्रतियोगितामा दित्तिय हुन सफल विनिता तामाङ (कक्षा १२) को वक्तृत्व)

जीवनको अन्तिम लक्ष्य शान्ति प्राप्ति होइन । यो त जीवनको आधारभूत आवश्यक्ता हो त्यसैले बस एउटा इच्छा छ कि कुनै दिन जब समाचार सुन्छु तब सुन्न पाइयोस् 'विश्वमा शान्ति छाएको छ ।'

सामान्यतया युद्ध भनेको दुई विपक्षी बिच एकले अर्कालाई दमन गर्ने र हराउने उद्देश्यले गरिने आक्रमण हो । मानव सभ्यताको विकासक्रममा घटेका अनगिन्ती युद्धमध्ये प्रथम र दोस्रो विश्व युद्ध, इजरायल-प्यालेस्टाइन र नेपाल अङ्ग्रेज युद्ध केही उदाहरण हुन् । युद्धका कारणहरू समय देश काल परिस्थितिअनुसार फरक भए तापनि यसको मुख्य कारण हो - 'साम्राज्यवाद' अझ 'अमेरिकी साम्राज्यवाद' । यसैगरी सिरिया र लिबिया, ईरानमा भएको युद्धमा पनि अमेरिकी साम्राज्यवादीकै हात छ भन्नेमा दुई मत छैन । युएनओले शान्ति स्थापना गर्न सक्यो तर भिटो पावर भएका साम्राज्यवादी देशहरू बाधक बन्न पुगे । यसरी एक पक्षलाई युद्धको लागि उक्साउने, युद्धको विरोध पनि गर्ने, हातहतियार पनि बेच्ने र हरेक किसिमको फाइदा लिने अमेरिका आफै धामी आफै बोक्सी भएको कुरा विश्वका अन्य देशहरूले कहिले बुझ्ने ? यसैगरी युद्धका अर्को कारण हो साम्प्रदायिकता धार्मिक साम्प्रदायिकताकै कारण भारत र पाकिस्तान टुक्रिनुपर्‍यो । जातिय साम्प्रदायिकता कै कारण अफ्रिकाको हुतुस र तुत्सी जातिमा युद्ध भयो । अमेरिकामा पनि काला जाति गोरा जातिबिच जातिय नरसंहार भयो । नेपालमै पनि वि.सं. २०५८ मा क्षेत्रीय साम्प्रदायिकताकै कारण मधेसी र पहाडी बिच द्वन्द्व चर्केको हामीलाई अवगत नै छ । यसका अतिरिक्त युद्धका कारणहरू फासीवादी सोच, बदलाको भावना र बडा राष्ट्र अहङ्कारवाद पनि हो ।

युद्धको कारण मानिसको शरीरिक, मानसिक, आर्थिक, संवेगात्मक, मनोवैज्ञानिक र प्रजनन स्वास्थ्यमा दीर्घकालीन असर पर्छ । भौतिक पूर्वाधार र हरेक किसिमको क्षति हुन्छ । यसको ज्वलन्त उदाहरण हो । जापानको हिरोसिमा र नाकासाकी । युद्धले देशको अर्थतन्त्र खोक्रो बनाउँछ । महँगीले आकाश छुन्छ । तेलको भाउ बढ्दो छ । सन् १९९०को खाडी युद्ध र रसीया युक्रेनको युद्धपश्चात् त झन् इन्धनको भाउले गगनचुम्न थालेको छ ।

दोस्रो विश्वयुद्ध पश्चात बेलायतको सार्वजनिक ऋण १५० प्रतिशत बढेको थियो । प्रथम विश्वयुद्धमा ९० लाख मारिएका थिए भने दोस्रो विश्वयुद्धमा २ करोड २० लाख मारिएका थिए । विकीपीडियाका अनुसार इजरायल पालेस्टाइनको युद्धमा २८ हजार एकसय ७६ जनाले ज्यान गुमाए । नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५सय ७८ रहेको छ । यदि प्रथम दोस्रो विश्वयुद्धमा मारिएका व्यक्तिको शवमात्र सङ्कलन गर्ने हो भने नेपालजस्तो अर्को देश बन्नेछ । कस्तो शोकमग्न कुरा ! किन मानिसलाई अरूको मात्र आघात मनपर्छ ? जसलाई पनि आफ्नैमात्र तैनाथ मनपर्छ मानवता र शान्ति बिर्सी बमबारुद पड्काउँदै सायद तिमीलाई रगतको वर्षात मनपर्छ । युद्धमा एकपक्षले अर्को पक्षको नरसंहार गर्ने उद्देश्य राखेको हुन्छ ।

नेपाल अङ्ग्रेज युद्ध होस् वा महाभारतको युद्ध, इजरायल पालेस्टाइनको युद्ध होस् वा रसिया युक्रेनको युद्ध सबैको उद्देश्य एकै छ विपक्षीको सर्वनास । त्यसैले इजरायलका प्रधानमन्त्री बेन्जामीनले भनेका थिए ' यो मेरो हमाससँगको अन्तिम लडाईं हुनेछ किनकि यसपछि पालेस्टाइनको अस्तित्व नै रहन्न । ' त्यसैले गर्भवती महिला र बालबच्चालाई यसरी मारिरहेका छन् कि उनीहरू मानिस हैनन् , लामखुट्टे र साङ्ला हुन् । प्रकृतिको सिर्जना सर्वो उत्कृष्ट प्राणी, अन्य जनावरभन्दा बुद्धिमान, रचनात्मक र सिर्जनशील प्राणीको उपलब्धी यही हो त ? धिक्कार छ युद्ध पिपासुको मानवतामाथि । शान्ति पाउन बाख्दले गीत गाउनैपर्ने हो र ? बाच्नलाई के तिमीले मात्रै पाउनुपर्ने हो र युद्ध नगर मनुष्य, शान्तिले बस भन्दै अब गौतबुद्ध फेरि आउनैपर्ने हो र ? युद्धको ज्वालाले पृथ्वी नै भष्म हुने हुँदा यसलाई निभाउने एकमात्र दमकल हो : शान्तिले मानव अधिकार , सुशासन, लोकतान्त्रिक संस्कार, जनमतको कदर हुन्छ ।

- प्राकृतिक स्रोतसाधनको न्यायोचित वितरण र विवेकपूर्ण प्रयोग हुन्छ ।
- समावेशी धर्मनिरपेक्षता, पारदर्शिता सामाजिक रूपान्तरण हुँदै समतामूलक समाज निमाण हुन्छ ।

त्यसैले शान्ति आवश्यक छ बदलाको भावना त्यागनुपर्छ किनभने यदि आँखा बदला आँखा नै लिने हो भने संसार नै अन्धकार हुन जान्छ ।' यसैगरी साम्प्रदायिकता घट्नु, फासिवादी सोच र ' बडा राष्ट्र अहङ्कारवादलाई हटाई संयुक्त राष्ट्रसङ्घको वडापत्रलाई अक्षरश: पालना गर्नुपर्छ ।

- आणविक हतियारको अस्वस्थ प्रतिस्पर्धा अन्त्य गरी जलवायु परिवर्तन न्यूनीकरण गर्नुपर्छ ।
- विश्वबन्धुत्वको भावना उजागर गरी सहकार्य, सहअस्तित्व, समन्वय, सदभाव र सहानुभूतिको विकास गर्नुपर्छ ।
- गरिबी, भ्रष्टाचार, अशिक्षा अन्धविश्वास, करीति, कुसंकारलाई अन्त्य गर्नुपर्छ र सबैभन्दा महत्वपूर्ण सामाज्यवाद हटाउनुपर्छ ।

बर्ट्रोल्ट बेक्टले भनेका थिए:- 'नेताहरू जब शान्तिका कुरा गरिरहेका हुन्छन् भित्रभित्रै युद्धका तयारी गरिहरेका हुन्छन् । ' त्यसैले शान्ति स्थापनाको लागि समाजवाद ल्याउनुपर्छ ।

निस्कर्षमा युद्ध हटाई शान्ति स्थापना गर्न पूजीवाद, नवउपनिवेशवाद नवउदारवाद र साम्राज्यवादको जरा नै उखेल्नुपर्छ । ध्यानबाट व्यक्तिमा शान्ति ल्याउँछ । तर, क्रान्तिको ज्ञानबाट विश्वमा शान्ति ल्याउँछ । र त्यो क्रान्ति बहुमत कामदार वर्गको स्वर्ग समाजवाद ल्याउने समाजवादी क्रान्ति हो ।

*पत्रकारिता र राजनीति ...*

पेसा हो पत्रकारिता । यस्तो महत्वपूर्ण भूमिका खेल्ने पत्रकारितालाई २०६१ माघ १९ गते राजाले प्रत्यक्ष शासन गरेलगत्तै पत्रिकामा प्रतिबन्ध लगाए । 'श्रमिक' र 'मजदुर' दैनिकको कार्यालयमा सेनाले तालाबन्दी गर्‍यो । तालाबन्दको कारण त्यसबेला माघ २१ गतेदेखि २५ गतेसम्म 'जनसमाचार' को नाउँमा 'मजदुर' दैनिक प्रकाशित भएको थियो । पञ्चायत कालमा प्रशासनले पत्रकारलाई थुन्ने, प्रकाशन इजाजतपत्र रद्द गर्ने प्रतिबन्ध लगाउने, दर्ता खारेज गर्ने, सेन्सर गर्ने, अनावश्यक निर्देशन र दबाब दिने काम गरेको थियो । छापिएको पत्रिका र पुस्तकसमेत जफत हुन्थ्यो । यसरी पत्रकारितामा बाधा पुऱ्याउने काम यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि भयो । पत्रकार र सञ्चारमाध्यमले गल्ती गरेमा बढीमा रु. १० लाखसम्म आर्थिक सजाय गर्ने व्यवस्था गरेर श्रमजीवी पत्रकारको घर सम्पत्तिमा आँखा गाड्ने काम भयो । सत्तासीन दलका नेता, मन्त्री, सांसदहरूले गरेका भ्रष्टाचार, अनियमितता आदि पोल्ने, खोल्ने काम पत्रिकाले गरेपछि सो प्रावधान ल्याइएको हो ।

पत्रिका पनि राजनीतिक सङ्गठनकर्ता बन्नु राम्रै हो । रुसी नेता लेनिनले भनेका थिए, पत्रिका सामूहिक प्रचारकर्ता, आन्दोलनकर्ता मात्र होइन सामूहिक सङ्गठनकर्ताको भूमिका पनि निर्वाह गर्छ । सोभियत सङ्घको कम्युनिस्ट पार्टीले 'इस्का' पत्रिका प्रशासन गरेको थियो । चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओ त्सेतुङले व्यापक जनसमूहमा भिजेको विचारधारात्मक र सङ्गठनात्मकरूपले अघि बढेको 'इस्का' बोल्शेभिक पार्टीको निम्ति महत्वपूर्ण रहेको बताएका थिए ।

जास्टिम ब्राउलीले अनियन्त्रित र अत्याचारी सरकारबाट आफ्नो रक्षा गर्ने जनताको साधन समाचारपत्र भने । रुसका गोर्की, चीनका लुशुन, भारतका प्रेमचन्द, अन्तर्राष्ट्रवादी पत्रकारहरू अन्ना लुइस स्ट्रङ, जोनरीड, एड्गर स्नो र विल्फ्रेड बर्चेत, नेपालका युवाकवि मोतीराम भट्ट, सिद्धिचरण श्रेष्ठ, हृदयचन्द्र सिंहप्रधान पत्रकारितामा आबद्ध र उल्लेख्य योगदान गर्ने व्यक्ति हुन् । रुसमा समाजवादी क्रान्ति भएपछि तपाईंको पेसा के हो भनी सोध्दा लेनिनले जवाफ दिएका थिए - पत्रकारिता । संसारलाई अमेरिकी आणविक आतङ्कबाट मुक्ति दिलाउन माओ त्सेतुङको विचार विश्वसामु पुऱ्याउन महिला पत्रकार अन्ना लुइस स्ट्रङले अन्तर्वार्ता लिएकी थिइन् । क्रान्तिकारी पत्रकार जोनरीड लडाइँको लेखक बनेर अन्तर्राष्ट्रवादी बने । उनले समाजलाई बदल्न क्रान्तिको नम्ति लड्नु आफ्नो कर्तव्य ठाने । अमेरिकी पत्रकार एड्गर स्नोले माओ त्सेतुङ र चाउ ऐन लाइसँग भेटघाट गरे । विल्फ्रेड ग्राहम बर्चेत हिन्द चीनको स्थितिको सच्चाइ संसारलाई बताउने पहिलो पत्रकार थिए । केपी नारायणले लेखे, समाचारपत्र जनताको आँखा र कान हो । देश र जनताप्रति समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक पत्रिकाले पनि राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा भएका मजदुर, किसान, उत्पीडित जनताको आन्दोलनको समर्थन र ऐक्यबद्धता गर्ने र सोसम्बन्धी समाचार र लेख छापिरहेका पत्रिका हुन् ।

देश र जनताप्रति समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक आस्थाको पत्रिका हो । यो सेवामुखी पत्रिका हो । जनताको नागरिक भावना र सांस्कृतिक स्तर उठाउने तथा देशभक्त नागरिक तयार गर्ने पत्रिका हो । यो पत्रिकालाई राजनीतिक विश्लेषक र बुद्धिजीवीहरू कम्युनिस्ट र वामपन्थी पत्रिका ठान्छन् । यस पत्रिकाले विदेशी हस्तक्षेप, सीमा अतिक्रमण र आक्रमणको विरोध गर्छ । यो अन्तर्राष्ट्रवादी विचार बोकेको पत्रिका हो । विश्व राजनीतिको अध्ययन गर्ने र बुझ्ने पत्रिका हो । जनतासँग सम्पर्क गर्ने, जनताको कुरा जनतामाझ पुऱ्याउने वैचारिक पत्रिका हो । देशको स्वतन्त्रता, मुक्ति आन्दोलन र देशभक्तिपूर्ण आन्दोलनको समर्थन गर्ने पत्रिका हो । यो सङ्कीर्ण विचार र जातीय राजनीतिको विरोध गर्ने पत्रिका हो । यो कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलनलाई धोका दिने, बदनाम गर्ने, सार्वभौम र स्वाधीन देशमा साम्राज्य र प्रभुत्व फैलाउने र फैलाए पनि मौन रहने दलको विचार उदाङ्गयाउने पत्रिका हो । यसरी नै देश विदेशको समस्या उजागर गर्दै २०२५ मा 'लालझन्डा' २०३० देखि २०३७ सम्म 'आह्वान', २०३५ मा 'मजदुर-किसान', 'नेपाल तराई', 'समाचार संसद्', 'आधार', 'ध्रुवतारा' छापिएको थियो । 'नेपाल तराई', 'समाचार संसद्', 'आधार' 'ध्रुवतारा' छापिएको थियो । 'नेपाल तराई', 'समाचार संसद्' 'आधार' र 'ध्रुवतारा' भारतबाट हिन्दीमा प्रकाशित पत्रिकाहरू हुन् । पछि 'आधार' २०४१ मङ्सिर ११ देखि २०४१ भदौ १० सम्म नेपालीमा प्रकाशित भयो । यसैबिच २०५० माघ १२ गते 'श्रमिक' साप्ताहिक, २०५१ वैशाखमा 'प्रतिध्वनि' मासिक र २०५५ माघ १० गते 'मजदुर' दैनिक प्रकाशित भयो ।

अत: पत्रिकाको काम सूचना प्रवाह गर्नुमात्र होइन, जनतालाई वैचारिक, सांस्कृतिकरूपले सुसूचित पार्नु हो । जनअधिकार प्राप्त गर्न जनतालाई सुसूचित पार्ने, जनविरोधी कामको खबरदारी गर्ने, देश र जनताको पक्षमा अभिमत राख्ने नागरिक तयार गर्ने, देश जोगाउने र बनाउने वातावरण तयार गर्ने काममा पत्रिकाको महत्वपूर्ण हात हुन्छ ।

-वागीश्वरी स्मारिका, २०८० बाट



वागीश्वरी कलेज मानविकी सङ्कायका विद्यार्थीहरूको उपस्थितिमा सम्पन्न Research Dissemination Seminar मा "Representation of the Issues of Early People in Contemporary Nepali Short Fiction" विषयमा Paper Presentation गरी विद्यार्थीहरूको ज्ञान अभिवृद्धि गर्नुहुँदै त्रिभुवन विश्वविद्यालय केन्द्रीय अङ्ग्रेजी विभागका उप.प्रा.डा. कोमल फुँयाल ।

वागीश्वरी कलेज, अनुसन्धान एकाइको आयोजना रहेको Workshop on Mini Research कार्यक्रममा स्रोतव्यक्ति त्रिभुवन विश्वविद्यालय, प्रा. डा. ध्रुवकुमार गौतम ।




# ट्राउट माछाबाट मनग्य आम्दानी

-दिपिका अधिकारी

काभ्रे जिल्लाको पनौती नगरपालिका- १, खानीखोलास्थित फुल्चोकी मानेदोभान ट्राउट फार्म मानिसहरूका लागि पहिलो रोजाइमा पर्न थालेको छ । स्वादका पारखीहरूका लागि यो एउटा प्राथमिक छनोट बन्न पुगेको छ । ताजा, स्वच्छ, निर्मल र कञ्चन पानीमा हुर्काउन सकिने यस ट्राउट माछाले आजको समयमा निकै बजार पाएको छ ।

वि.स. २०६५ सालबाट यस ट्राउट फार्मको सुरुवाट भएको थियो । उक्त ट्राउट फार्म पदम तामाङले सुरुवात गरेका थिए । वि.सं. २०६१ सालमा समाज विज्ञान विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह सकेको उनले पहिले समाज अनुसन्धानमा काम गरेका थिए । विदेश जानुभन्दा नेपालमा नै केही नयाँ व्यवसाय गर्ने सोच बनाएर यस व्यवसायमा लागेको उनी बताउँछन् । विगत १५ वर्षदेखि यस व्यवसायमा लागेका उनले ग्राहकको सन्तुष्टिलाई प्राथमिक रूपमा राखेका छन् । भक्तपुर, पनौती, बनेपा र ललितपुरबाट माछा खान आउने गरेको उनी बताउँछन् ।

दुईबटा मुहानबाट पानी ल्याएर फार्म सुरु गरेको उनले पहिले ६ वटा पोखरी बनाउनका लाथि ४० लाख खर्च भएको र जिल्ला कृषि कार्यलयबाट ५ लाख अनुदान र सहकारीबाट १९ लाखको लगानीबाट उनले उस ट्राउट फार्मको सुरुवात गरेको थिए । प्रदेश सरकारबाट दानाको लाथि २५ लाख अनुदान पाएका उनले अहिले उक्त फार्म १ करोडको लगानीमा पुगेको बताउँछन् । ६ वता पोखरीले मात्र नपुगेर अहिले थप ५ वटा पोखरी बनाउने तयारीमा उनी लागेका छन् ।

काभ्रेकै एउटा नमुना फार्म बनाउन सकेको र ९० प्रतिशत ग्राहक त्यँहाको सेवाबाट प्रशन्न रहेको तामाङ बताउँछन् । आफ्नो संगसंगै सरकारबाट पनि अनुदान पाएका उनले ३ जनालाई रोजगार दिएका छन् ।

नेपालमा केहि गर्न सकिदैन भन्नेहरूका लागि नेपालमा नै लगानी गर्न सक्यो भने अवसरको कमी छैन भनेर तामाङलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

*इच्छा शक्ति...*

भेडाको ऊनबाट हाल जुत्ता, कि-रिङ, ब्यागलगायतका सामानहरूको उत्पादन भैरहेको र भविष्यमा सोही कार्यलाई अफ फराकिलो बनाउद लैजाने लक्ष्य रहेको बताउनुभयो ।

औद्योगिक अवलोकनले विद्यार्थीहरूमा थप ऊर्जा दिने बताउँदै अवलोकनको अवसार प्रदान गरेकोमा वागीश्वरी क्लेजको तर्फबाट धन्यवादका साथ मायाको चिनो प्रदान गर्दै व्यवस्थापन सङ्कायका प्रमुख बब्लुकुमार रावतले उद्योगलाई विदेशमा निर्यात मात्रै नगरी स्वदेशमै पनि बजार विस्तार गर्न सकिने कुरामा जोड दिनुभयो । साथै यस्ता औद्योगिक अवलोकनले नवप्रबर्धन कार्य सुरू गर्न समेत प्रेरणा मिल्ने बताउनुभयो ।

न्युजिल्याण्डबाट भेडाको ऊन आयात गरी विभिन्न सामानहरू उत्पादन गरी पुन: विदेशमै निर्यात गर्दै आएको उक्त व्यवसायलाई राम्रो बजारीकरण गरी स्वदेशमै बिक्री वितरण गर्न सकेमा नेपालीहरूलाई थप रोजगारीको सिर्जना गर्न सक्ने कुरामा कलेजका शिक्षक एवं औद्योगिक अवलोकनका संयोजक शिक्षक दिनेश सुवालले बताउनुभयो ।

कलेजका शिक्षकहरू चण्डेश्वरी लाखा, मिरा प्रजापति, राजकुमार कसपाल, बाबुकृष्ण के.सी. लगायतको उपस्थिति रहेको उक्त शैक्षिक अवलोकन भ्रमणमा भेडाको ऊनको व्यवसाय सुरू गर्न कहाँबाट प्रेरणा मिल्यो भन्ने शिक्षक शिक्षक नवीन प्रजापतिको जिज्ञासामा आफु ललित कलाको विद्यार्थी रहेको कारणले सोही क्षेत्रमै केही गरौँ भन्ने भित्री इच्छाले प्रेरित भएको उद्यमी भडेलले बताउनुभयो ।

*वागीश्वरीमा रचनात्मक ...*

बिउ पूँजी पनि प्राप्त गर्न सफल भएका थिए । कार्यक्रममा वागीश्वरी कलेज मानविकी सङ्कायका इन्चार्ज राजन फेलुले कार्यशालामा भाग लिएका ३० जना विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुका साथै वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले प्रशिक्षकहरूलाई मायाको चिनोले सम्मान गर्नुभएको थियो ।

*वागीश्वरी कलेजका ...*

विद्यार्थीहरूको ज्ञानको दायरा फराकिलो हुनेमा विश्वास प्रकट गर्नुभयो ।

स्रोतव्यक्ति एवम् योङ स्टार क्लब, दोपुका कार्यकारी निर्देशक दिपक राजभण्डारीले सल्लेरीमा कलेजका विद्यार्थीहरूको यस्तो प्रकारको पहिलो अध्ययन भ्रमण भएको जानकारी दिनुभयो । कार्यक्रममा विषय शिक्षक अविना श्रेष्ठले कार्यक्रमको उद्देश्य तथा महत्त्वबारे प्रस्ट्याउनुभयो ।

चारदिने कार्यक्रम प्रशिक्षक मङ्गलेश्वर ध्वजूको सभापतित्वमा भएको थियो भने विद्यार्थी निगिसा कपालीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा विद्यार्थी दिपिका अधिकारीले स्वागत गर्नुभएको थियो । विद्यार्थीहरू रेश्मा श्रेष्ठ, सृष्टता लवजू, भावना भडेल, सुवास तामाङले पनि बोल्नुभएको थियो ।

पहिलो दिन योङ स्टार क्लवको अध्यक्ष बुद्धिनारायण श्रेष्ठ र स्रोतव्यक्ति दिपक राजभण्डारील अभिमुखीकरणामार्फत सल्लेरीमा स्वागत गर्नुभएको थियो । दोस्रो दिन बिहानी सत्रमा सोलुदुधकुण्ड नगरपालिकाको सल्लेरी बजार क्षेत्रमा अध्ययन भ्रमणसँगै नुम्बुर हिमालको मनोरम दृश्यको अवलोकन गरिएको थियो ।

दोस्रो सत्रमा वडा नं. ६ का वडाध्यक्ष फुर्वा ग्याल्जेन शेर्पाको कार्यकक्षमा स्वास्थ्य, शिक्षा, संस्कृति, विकास कार्य र चुनौती आदि विषयमा अन्तरक्रिया गरेको थियो ।

तेस्रो सत्रमा वडा नं. ५ स्थित जनजागृति नमुना माध्यमिक विद्यालयमा सामाजिक कार्यअन्तर्गत विद्यार्थीहरूले चेतनामूलक नाटक प्रस्तुत गरेका थिए । सांस्कृतिक आदानप्रदान कार्यक्रमअन्तर्गत कुटुम्व धुनमा नेवारी लाखे नाच र तामाङ सेलो पनि देखाएको थियो ।

सो विद्यालयका प्रधानाध्यापक जनक थापाले वागीश्वरी कलेजलाई धन्यवादसहित आफ्नो विद्यालयलाई पनि अध्ययन भ्रमणाको लागि प्रोत्साहित गरेकोमा खुसी व्यक्त गर्नुभयो ।

चौथो सत्रमा विद्यार्थीहरूले वडा नं. ४ का वडाध्यक्ष युवास तामाङको कार्यक्रममा वडाको गतिविधि, प्रशासनिक गतिविधि, पर्यटन, शिक्षाबारे अन्तरक्रिया गरेका थिए ।

उक्त वडामा अवस्थित फाप्लु विमानस्थलको अध्ययन भ्रमणपश्चात् साँझ दिनभरिको समीक्षात्मक कार्यक्रममा विद्यार्थीहरूको ६ वटा समूहहरू दुधकुण्ड, खुक्ला, सगरमाथा लिखु, सिद्धिचरण र सल्लेरीले आ-आफ्नो प्रस्तुतीकरण दिएका थिए ।

तेस्रो दिनको बिहानी सत्रमा विद्यार्थीहरूले योङ स्टार क्लवमा पुगी क्लवको विगत, वर्तमान र भावी योजनाबारे अन्तरक्रिया गरेर सोलु एफएम १०१.२ मेगाहर्जको पनि स्टेसनमा पुगेर सामुदायिक एफएमको जानकारी लिए ।

दोस्रो सत्रमा विद्यार्थीहरूको ६ समूहले सल्लेरीको नयाँ बजारमा हरेक शनिबार लाग्ने हाटबजारको समग्र व्यवस्थापन, उपभोक्ता र व्यापारीको व्यवहार, स्थानीय जनतालाई परेको प्रभाव, स्थानीय उत्पादन, सुझाव र योजनाबारे सर्वेक्षण गरे ।

सोलुदुधकुण्ड नगरपालिकाको सभाकक्षमा समापन समारोहपश्चात् जिल्लाकै प्रसिद्ध चिवाङ्ग गुम्बाबाट दृश्यावलोकन गरेर अन्तिम सत्रमा समीक्षात्मक कार्यक्रम भयो ।

सामाजिक कार्य, ग्रामीण विकास, अङ्ग्रेजी र राजनीतिक शास्त्रको ३० जना विद्यार्थीहरूले सहभागिता जनाएको सो टोली चौथो दिनमा ओखलढुङ्गा, उदयपुर हुँदै सिन्धुलीको चैनपुर डाँडामा पुग्दा होली मनाएर काभ्रेपलाञ्चोक हुँदै कलेज फर्केका थिए ।

## कविता

# कति छिटो बितेको यो दुई वर्ष

✍ आकृति यादव
कक्षा १२

कति छिटो बितेको यो दुई वर्ष, -२
समय बितेको थाहै भएन
कहिले रमाइलो त कहिले झ्याउ
वागीश्वरीसँग माया बसेको आभासै भएन

यहाँको जस्तो शिक्षकसँग पढ्न पाउदा
म आफूलाई भाग्यमानी ठानेकी छु -२
लेखा, अर्थशास्त्र, व्यवसाय, अङ्गेजी, नेपाली या होस् सामाजिक
सबैलाई रमाइलो साथ पढेकी छु,

अरू शिक्षकले त कहिले गाली गर्नु भएन-२
गर्नुभयो त केबल दाहाल सरले
तर के गर्नु
दाहालसरको गालीलाई पन ताली मानेर खुसी भएकी छु

सोच्थैँ,
सोच्थैँ किन भगवती मिसले मलाई र मेरो मित्रलाई
ग्रुप स्टडी गर्दा छुट्याएर राख्नु हुन्छ
विचार गर्दा थाहा पाएँ उहाँले हाम्रो राम्रो पो चाहनु हुन्छ

हाम्रो आदरणीय सपना मिस
उहाँ त पहिलो पटक पढायनुहुँदा कति झ्याँउ मानेँ
तर समय बित्दै गएपछि उहाँको बोलीलाई नै वरदान ठानेँ

ठुकीले खोज्दा पनि सायद पाउँथेन होला
अङ्ग्रेजी र नेपाली जस्तो शिक्षक -२
बब्लु सर त झन वाह
मलाई एकदमै मन पऱ्यो उहाँहरूको आनीबानी अनी हाउभाउ

भ्रमण गएपछि साथीमित्रलाई राम्ररी चिन्न पाए, समय बिताउन पाए -२
त्यहाँबाट फर्किंदै गर्दा आफूले सम्झना जस्तो अनमोल उपहार पाए

भन्न त अझैँ चाहन्छु तर अब लेख्न आएन -२
कृतज्ञ त व्यक्त गर्न चाहन्छु तर शब्दै आएन ॥

# शुभकामना छ विद्यार्थी भाइबहिनीहरूलाई

✍ भगवती आचार्य
शिक्षिका

शुभकामना छ विद्यार्थी भाइबहिनीहरूलाई
सदैव प्रगतिपथमा अगाडि बढिरहनू
तिम्रा जोश जाँगर र उमंग
शक्तिमा परिवर्तन गर्दै जानू ।

जति दु:ख कष्ट परे पनि जीवनमा
सङ्घर्ष निरन्तर रूपमा गरिरहनू
समस्या हौ जीवन समाधान खोज्दै
प्रगतिका पाइलाहरू यसरी नै चालिरहनू ।

तिमीहरू हामी शिक्षकका अमूल्य सम्पत्ति
भोग्न नपरोस् जीवनमा कुनै विपत्ति
आइपरे पनि जीवनमा आँधी बेहरी
क्षमता विकास होस् तिम्रो अधि बढ्न तुफानसरी ।

मेहनत गर्नु भविष्य उज्ज्वल बनाउनू
सधैंभरि यसरी नै उत्साहित बन्नू
जीवन र जगतलाई नै परिवर्तन गर्नू
वागीश्वरीको नाम सर्वत्र चम्कनउनू ।

हातेमालो गर्दै जसरी वर्षै बितायौँ
त्यसरी नै पढाएका परीक्षाहरू राम्रो गर्नू
आउनेछन् जीवनमा अनेकौ कठिन घडीहरू
जीवनका हरेक परीक्षामा सफलता प्राप्त गर्दै जानू ।

प्रकाशक: वागीश्वरी कलेज स्नातक तह तेस्रो वर्ष कार्यमूलक नेपाली पत्रकारिताका विद्यार्थी, कार्यालय: वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagisworicollege.com.np, Email:bagisworicollege072@gmail.com, कम्प्युटर: रोशनी श्रेष्ठ , मुद्रक: इन्द्रेणी छापाखाना, मिबाछें